# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

सम्वत् २०७५ सालको मुद्दा नं. ०७४-RB-०१७१

निर्णय नं. ७८

**मुद्दाः–अग्रिम कर(२०६८/०६९)।**

काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३१ बागबजार स्थित नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेड(स्थायी लेखा नं.३०१२६९३२८)को तर्फबाट ऐ. का अधिकार प्राप्त कार्यकारी प्रमुख अधिकृत रमेश राज अर्याल.............................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................... १ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री शोभाकान्त पौडेल

शुरु कर्यालयको निर्णय मितिः-२०७३/०४/१२

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री चुडामणि शर्मा

निर्णय मितिः २०७४।०१।०७

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग,काठमाण्डौ

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदनपत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य खण्ड

१. करदाता नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले आ.व. २०६८/०६९ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६९/०९/२९ मा विवरण पेश गरेको ।

२. करदाताको आ.व. को लागि कर परीक्षण हुँदा सोको सिलसिलामा करदाताबाट पेश हुन आएको आयकर विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत करदाताको आ.व. २०६८।६९ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू. (शुल्क तथा व्याज सहित) आयकर ऐन २०५८ को दफा ९० को उपदफा (८) बमोजिम माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा ९०(८) बमोजिम विस्तृत व्यहोरा खुलाई ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३/३/१५ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/३/१५ मा जारी भएको सूचना करदाताले मिति २०७३/३/१७ मा सूचना बुझी लिएको ।

४. करदाताले मिति २०७३/३/१७ मा बुझी लिएको सूचनाको जवाफ मिति २०७३/४/०५ मा पेश गरेको ।

५. प्रस्तुत करदाताको आ.व. २०६८/०६९ का लागि श्रोतमा कर कट्टी रकम रू. ३५,५७,५८५।- दाखिला गर्न करदातालाई आयकर ऐन २०५८ को दफा ९० को उपदफा ८ बमोजिमको आदेश दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०४/१२ मा भएको निर्णय पर्चा ।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०४/१२ मा जारी गरेको अग्रीम कर कट्टी तर्फको आ.व. २०६८/०६९ को कर निर्धारण आदेशमा चित्त नबुझी नेपाल क्रेडिट एण्ड कमर्श बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/१४ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

७. यसमा शूरु कार्यालयले आयकर ऐन,२०५८ को दफा ९० को उपदफा (८) बमजिम अग्रिम कर, व्याज र शुल्क माग गर्न जारी गरेको आदेश कानूनसम्मत रहेकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४/०१/०७ मा भएको निर्णय ।

८. विपक्षी कार्यालयबाट मिति २०७३।४।१२ मा जारी गर्नु भएको अग्रिम कर दाखिला गर्ने सूचना तथा निर्णय पर्चा एवं सोलाई सदर गर्ने विभागको मिति २०७४।१।७ को निर्णय बदर गरी न्याय इन्साफ पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक करदाताको तर्फबाट मिति २०७५/२/२३ मा पुनरावेदन पत्र दर्ता भएको ।

९. यसमा यसमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०९/१०मा भएको आदेश ।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक पक्षबाट उपस्थित विद्वान अधिवक्ता श्री सुरज श्रेष्ठले अग्रिम Swift / Reuters सेवाको भुक्तानी समेत विदेश मै भएको, बैंकबाट प्राप्त गरेको व्याज रकम Nepal Multi-Co-operative ले आयमा समावेश नगरेमा मात्र बैंकसँग कर माग गरिएमा न्याय हुन्छ । कर्मचारीको पोशाक खर्च बैंकको आय आर्जनसँग सम्बन्धित हुँदा अग्रिम कर माग गर्नु त्रुटीपूर्ण छ । कमर्चारीलाई उपलब्ध गराएको हाउजिङ्ग कर्जा वापत सम्पूर्ण कर्मचारीको हकमा २५ का दरले अग्रिम कर माग गर्नु समेत अनुचित छ । तसर्थ प्रत्यर्थी बाट भएका अग्रिम कर कट्टी सम्बन्धि आदेश मनोगत र आत्मनिष्ठ आधारमा भएकाले बदरभागी छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो ।

११. प्रत्यर्थी ठूला करदाता कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले अग्रिम कर निर्धारण सम्बन्धमा ठूला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम जिकीर पेश गर्ने समय समेत दिएकोमा पुनरावेदकबाट आवश्यक प्रमाण बेगर सामान्य जवाफ मात्र पेश गरेको हुँदा कर कट्टी नगरिएका शीर्षकहरुमा कर, जरिवाना र शुल्क लगाउने गरी भएको निर्णय कानून सम्मत र वस्तुगत भएको हुँदा सदर हुनुपर्छ भन्ने बहस जिकीर प्रस्तुत गर्नुभयो।

१२. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई समर्थन गर्ने गरी भएको आन्तरिक

राजस्व विभागको निर्णय मिलेको छ छैन ?  पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

१३. सोबमोजिम निर्णय तर्फ विचार गर्दा भुक्तानीमा अग्रीम कर कट्टी सम्बन्धमा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

क) **SWIFT तथा Reuters सेवामा कर कट्टी सम्बन्धमाः-** पुनरावेदकले SWIFT/Reuters सेवा वापत भुक्तानी गरेको रकमको सम्बन्धमा नेपालमा आयका श्रोत नरहेका रकमको भुक्तानीमा कर कट्टी गर्न नमिल्ने भनी जिकिर लिएको भएतापनि आयकर ऐन, २०५८ को दफा ६७(६)(ज) र (झ)(१) ले गरेको व्यवस्था बमोजिम तार, रेडियो, अप्टिकल फाइवर वा भू-उपग्रहजस्ता सञ्चारको माध्यमबाट खबर वा सूचना सम्प्रेषण गर्ने व्यवसाय सम्प्रेषण गर्ने व्यक्तिले त्यस्ता खवर वा सूचना नेपालमा उत्पति भएको वा नभएको जे भएपनि नेपालमा स्थापित संयन्त्रहरुबाट खबर वा सूचनाको संप्रेषणका सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको भुक्तानी नेपालमा श्रोत रहेको भुक्तानी हुने र त्यस्तो भुक्तानीको स्थान जहाँसुकै भएपनि नेपालमा सो कार्यहरु भएमा त्यस्ता भुक्तानीहरुको स्रोत पनि नेपालमा नै रहेको मानिने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रस्तुत विवादलाई हेर्दा सेवा प्रदान गर्ने संयन्त्रहरुको कुनै अंश अन्य मुलुकहरुमा अवस्थित भएपनी SWIFT/Reuters सेवा प्रदान गर्न सम्झौता गरी कारोवार गरेको, सो सेवा Software को माध्मबाट संचालन भएको, सो Software संचालन गर्न सेवा प्रदायक कम्पनिबाट License, Password, User Id वा Code आदि लिएर कारोवार गरेको, सेवा प्राप्त गर्नको लागी आवश्यक इन्टरनेट सेवा नेपालकै इन्टरनेट प्रदायकबाट प्रात गरेको, SWIFT/Reuters सेवा प्राप्त गर्नको लागी आवश्यक पर्ने कम्प्युटर, मोडेम लगायतका संयन्त्रहरु नेपालमै जडान भएको तथा सेवासँग आवद्ध व्यक्ति तथा निकाय नेपालमा रहेका र सेवाको उपलब्धता समेत नेपालमा भएकोले सेवा वापतको भुक्तानीको श्रोत नेपालनै हो भनी मान्नु पर्ने हुन आउँछ । तसर्थ त्यस्तो प्रकारको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर कट्टी गर्नुपर्ने देखिदा शुरु कार्यालयबाट SWIFT सेवामा भएको भुक्तानीमा अग्रिम कर लिने गरी गरेको निर्णय मिलेकै देखिन आयो ।

ख) **ब्याज भुक्तानीमा अग्रिम कर सम्बन्धमाः** - Nepal Multi Co-operatives लाई भुक्तानी गरेको ब्याजमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम कर कट्टी गर्न पर्ने सम्बन्धमा पुनरावेदकले बैंकबाट प्राप्त गरेको व्याज रकम Nepal Multi-Co-operative ले आयमा समावेश नगरेमा मात्र बैंकसँग कर माग गरिएमा न्याय हुन्छ भनी समेत लिएको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा पुनरावेदकले आफ्नो पुनरावेदन जिकिरमा नै आफूले भुक्तान गरेको व्याजमा कानूनबमोजिम कर लाग्ने भई कर कट्टी गरी दाखिल गरिसकेको व्यहोरा उल्लिखित छ । जहाँसम्म पुनरावेदकले बैंकबाट प्राप्त गरेको व्याज रकम Nepal Multi-Co-operative ले आयमा समावेश नगरेमा मात्र बैंकसँग कर माग गरिएमा न्यायोचित हुन्छ भनी जिकिर लिनुभएको छ सो सम्बन्धमा हेर्दा आयकर ऐन,

२०५८ को दफा ८८ अनुसार नेपालमा स्रोत भएको व्याज रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी गर्नुपर्ने दायित्व पुनरावेदक बैंकमा रहने प्रष्ट छ । त्यसैगरी सोही ऐनको दफा दफा ९० ले समेत त्यस्तो रकम कर कट्टी नगरेको भएपनि सो कर कट्टी हुनुपर्ने समयमा सो कर कट्टी गरिएको मानिनेछ तथा अग्रिम कर कट्टी गर्नुपर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको पच्चीस दिन भित्र विवरण दाखिला गर्नपर्ने व्यवस्था गरेको छ । यसरी बैंकले व्याज भुक्तानी गर्नुपर्ने Nepal Multi-Co-operative संस्था कर लाग्ने संस्था भएकोमा विवाद नरहेको अवस्थामा त्यस्तो संस्थालाई व्याज भुक्तानी गर्ने दायित्व सिर्जना भएकै समयमा बैंकले अग्रिम रुपमा कर कट्टी गरेको मानीने कुरा पनि प्रष्ट रहेको छ । त्यस्तोमा व्याज प्राप्त गर्ने संस्थाले समेत कर तिर्ने हुँदा दोहोरो पर्न जाने भनी अनुमान कै भरमा त्यस्तो कर अग्रिम रुपमा कट्टा गरी भुक्तानी गर्ने दायित्व पुनरावेदक बैंकमा नरहेको भनी मान्न मिल्ने देखिएन ।

ग) **पोशाक खर्चमा अग्रिम कर कट्टी सम्बन्धमाः—** बैंकमा आउने ग्राहकलाई कर्मचारी पहिचान गर्न सरल होस र गलत मान्छेबाट ठगिन नपरोस भनेर पोशाकको ब्यबस्था गरेको, यी पोशाक कार्यालय प्रयोजन बाहेकमा उपयोग नहुने भएकाले रोजगारीको आयमा समावेश गर्न नपर्ने भनी पुनरावेदकले जिकीर लिएकोमा, आयकर ऐन, २०५८ को दफा ८(२) को खण्ड (क), (ख) र (छ) बमोजिम रोजगारदाताबाट प्राकृतिक ब्यक्तिलाई आय वर्षमा दिईएका भुक्तानीहरु पारिश्रमिक आय गणना गर्दा समावेश गर्नुपर्नेछ भनी स्पष्ट कानूनी ब्यबस्था भएकाले समावेश गरेको देखिन्छ । यसर्थ, पोशाक खर्चमा अग्रिमकर गणना हुन नहुने भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन तथापी उक्त पोशाक खर्च वापत प्राप्त रकमलाई पारिश्रमिक आयमा गणना गरी अग्रीम कर कट्टी माग गर्दा कर्मचारीलाई एकमुष्ट २५ प्रतिशतका दरले कर लगाएको शुरु कार्यालयको निर्णय र सोलाई समर्थन गर्नेगरी भएको आन्तरिक राजस्व विभागको निर्णय मिलेको नदेखिँदा सो हदसम्म बदर हुने ठहर्छ । अब यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीको आय गणना गर्दा पोषाक वापतको रकम समेत समावेश गरी ब्यक्तिगत आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउनु पर्ने देखिन आयो ।

घ) **कर्मचारीलाई उपलब्ध गराएको सहुलियत कर्जाको व्याजमा अग्रिम कर कट्टी सम्बन्धमाः-** करदाताले आफ्ना कर्मचारीहरुलाई उपलब्ध गराएको सहुलियत घर कर्जा समेत अन्तर्गत ऋण प्रवाह गरेकोमा सो प्रत्यर्थीबाट आफ्ना ग्राहकलाई ऋण प्रवाह गर्दा लिए सरहको ब्याजसँग फरक पर्न गएको रकमलाई परिमाणिकरण गरी कर्मचारीको पारिश्रमिक आयमा समावेश गरी पारिश्रमिक आयकर गणना गर्ने ठहऱ्याएको शुरुको निर्णय सो हदसम्म मिलेको भएपनि कर्मचारीलाई लगाएको कर्जाको ब्याज दर र सामान्य ब्याज दरको

फरकले हुने रकमलाई कर्मचारीको आय कायम गरी अग्रिम कर कट्टी माग गर्दा एकमुष्ट २५ प्रतिशतका दरले कट्टी हुने भनी माग गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म बदर हुने ठहर्छ । यस प्रकार एकमुष्ट कर नलगाई प्रत्येक कर्मचारीको ब्यक्तिगत आय गणना गर्दा पोषाक वापतको रकम समेत समावेश गरेर प्रत्येक कर्मचारीको आय यकीन गरी ऐन बमोजिम पाउने छुट समेत दिई करको गणना गर्नु भनी शुरु कार्यालयमा लेखी पठाउने ठहर्छ ।

१४. अतः स्थायी लेखा नं. ३०१२६९३२८ भएका पुनरावेदक करदाता नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. को आ.व. २०६८/०६९ को अग्रिम कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयले मिति २०७३।०४।१२ को निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागको मिति २०७४।१।७ को निर्णयमा कर्मचारी पोशाक खर्च एवं सहुलियत कर्जाको व्याज दर र प्रचलित व्याज दरको फरक दरले हुने रकम लाई पारिश्रमिक आय कायम गरी अग्रिम कर कट्टि माग गर्दा कर्मचारीको व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनुपर्ने हो, सो नगरी एकमुष्ठ २५ प्रतिशतका दरले अग्रिम कर कट्टि माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिँदा सो हदसम्म बदर गरिदिएको छ । यस विषयमा अब जो जे बुझ्नु पर्छ बुझी पुनः निर्णय गर्नु भनी मिसिल ठूला करदाता कार्यालय, ललितपुरमा पठाउने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसीलबमोजिम गर्नू ।

## तपसील

माथि ठहर खण्डमा पुनरावेदक करदाता नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि. को आ.व. २०६८/०६९ को अग्रिम कर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णयमा कर्मचारी पोशाक खर्च एवं सहुलियत कर्जाको व्याज दर र प्रचलित व्याज दरको फरक दरले हुने रकम लाई पारिश्रमिक आय कायम गरी अग्रिम कर कट्टि माग गर्दा कर्मचारीको व्यक्तिगत पारिश्रमिक आयमा गणना गरी जो जसलाई जे जति कर लगाउनुपर्ने हो, सो नगरी एकमुष्ठ २५ प्रतिशतका दरले अग्रिम कर कट्टि माग गर्ने गरी गरेको निर्णय मिलेको नदेखिंदा सो हदसम्म बदर गरिदिएको छ । यस विषयमा अब जो जे बुझ्नु पर्छ बुझी पुनः निर्णय गर्नु भनी मिसिल ठूला करदाता कार्यालय, ललितपुरमा पठाउने ठहरेकोले सो विषयमा फैसलाबमोजिम पुनः निर्णय गरी पुनरावेदक करदातालाई जानकारी दिनु भनी प्रत्यर्थी कार्यालयमा लेखि पठाउनू.......................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू.............२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू..........................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू........................५

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

शाखा अधिकृतः श्री रबी न्यौपाने

कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी

इतिसम्बत २०७५ साल फागुन २१ गतेरोज ३ शुभम..........................................